# प्रदेश सभा
# गण्डकी प्रदेश
# आठौं अधिवेशन
# (सोह्रौं बैठक)
# कार्यवाहीको सम्पूर्ण विवरण
# मितिः २०७८।०३।०४ गते

प्रदेश सभा, गण्डकी प्रदेशको आठौं अधिवेशनको आजको बैठकको कार्यवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीको अध्यक्षतामा दिनको ३ बजेर ४२ मिनेटमा प्रारम्भ भयो।

**माननीय सभामुख**

माननीय सदस्यहरु, आजको वैठकको कार्यवाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरु,अब गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्री श्री कृष्णचन्द्र नेपाली पोख्रेलले आफुलाई प्रदेश सभाको विश्वास दिइयोस् भनी राख्नुभएको प्रस्तावको सम्वन्धमा बाँकी छलफल प्रारम्भ हुन्छ। माननीय सदस्यहरु, अब गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्री श्री कृष्णचन्द्र नेपाली पोख्रेललाई छलफलका क्रममा उठेका प्रश्नहरुको सम्बन्धमा जवाफ दिन अनुमति दिन्छु।

**माननीय मुख्यमन्त्री श्री कृष्णचन्द्र नेपाली पोख्रेल**

सभामुख महोदय, सम्मानित सदनमा मेरो नेतृत्वको वर्तमान सरकारलाई विश्वासको मत प्राप्त गर्ने मैले प्रस्तुत गरेको प्रस्ताव माथिको छलफलका सन्दर्भमा माननीयज्यूहरुले प्रस्तुत गर्नुभएका, व्यक्त गर्नुभएका जिज्ञासाहरु, सुझावहरुलाई जवाफ दिने सन्दर्भमा म उपस्थित भएको छु। सभामुख महोदय, सबैभन्दा पहिले म प्रमुख प्रतिपक्ष दलका नेता माननीय पृथ्वीसुव्वा गुरुङजीले आफ्ना भनाईहरु, सुझावहरु राख्ने क्रममा, शुरुमै मेरो परिवारिक पृष्ठभूमिका साथ, मेरो पारिवारिक या व्यक्तिगत मेरो पनि लोकतान्त्रिक आन्दोलनमा पुर्याएको योगदानका विषय सहित जो सम्मान दिनुभयो । व्यक्तिगत तवरमा म उहाँलाई धन्यवाद दिन चाहन्छु। साथसाथै प्रस्तावका सन्दर्भमा उहाँले आफ्ना विगतका संविधान सभा सदस्य हुँदै गर्दा केन्द्रीय मन्त्री हुँदै गर्दा र यो गण्डकी प्रदेश सरकारको पनि यो प्रदेशमा पनि लगभग साढे तीन वर्ष उहाँले नेतृत्व गर्दै गर्दाका अनुभवहरु जो प्रस्तुत गर्नु भयो, त्यसलाई

मैले हाम्रा लागी, सरकारका लागी धेरै उपयुक्त सम्झेंको छु। उहाँले एउटा विपक्षी दलको, प्रतिपक्ष दलको नेताका सन्दर्भमा व्यक्त गर्नुभएका कुरा बाहेक एक प्रकारले गण्डकी प्रदेशलाई कसरी अगाडि बढाउने, कसरी सम्वृद्ध बनाउने र कसरी विगतको सरकारले त्यो थालनी गरेको थियो आदि कुराहरु उहाँले राख्नुभएको छ।

म ति सुझावहरुलाई मनन गर्न चाहन्छु। भोलिका दिनमा जसरी हिजोका दिनमा हामी यो पनि म याद दिलाँउ। त्यतिखेर हामीलाई पनि के थियो भन्दाखेरी प्रदेश सरकारका सकारात्मक कुराहरुलाई हाइलाईट गर्दैंगर्दा प्रतिपक्षी या आफ्नो भूमिका निर्वाह गरेन भन्ने कुराहरू पनि हामीले सुनेको पनि म स्मरण गराउन चाहन्छु। त्यो किन त भन्दाखेरी सङ्घीयताको लागि यहाँले पटक पटक सङ्घीयताको सबभन्दा बढी वाधक कोहि छ भने केन्द्रीय नेतृत्व हो भनेका सार्वजनिक अभिव्यक्तिहरुले हामीलाई त्यतिखेर निश्चित रुपमा हामी प्रमुख प्रतिपक्षमा रहँदा रहँदै पनि हाम्रो मुख्यमन्त्री सङ्घीयताको पक्षमा छ र यो प्रदेशको सम्बृद्धिको पक्षमा एउटा भिजनका साथ अगाडि बढ्नु भएको छ भन्ने कुरा हामीले सार्वजनिक रुपमा व्यक्त गरेको पनि हो। यस अर्थ मैले यो किन राखेको छु भने भोलिका दिनमा तपाईंका अनुभव, तपाईको भुमिका, विपक्षी दलको त छँदैछ तर पनि एउटा हामीलाई तपाईंका अनुभवहरु शेयर गर्ने, सरकारले विगतका अनुभवहरुलाई अनुभव गर्दै यो प्रदेशलाई सम्बृद्ध तर्फ लाने हामी पुरा कोसिस गर्नेछौं र यसमा मलाई आशा छ, उहाँबाट मलाई सहयोग हुनेछ। यति भन्दै गर्दा यहाँ माननीयज्यूहरुबाट धेरै कुराहरु आएका छन्।

नीति तथा बजेटका कुराहरु, मुलभूत रुपमा सबैभन्दा बढी चासो माननीयज्यूहरुको के रह्यो भने यो अविरल वर्षाबाट यो प्रदेश आक्रान्त भएको छ। मनाङ देखि लमजुङ, गोर्खा, कास्की, वाग्लुङ, पर्वत हुँदै ११ वटै जिल्लामा जुन एउटा विपत्ति आइपरेको अवस्था हो। त्यसमा सरकारले तदारुकताका साथ सक्रियताका साथ राहत या भत्किएका संरचनाहरुको पुननिर्माण आदी गरोस् भन्ने जुन यहाँहरुको सुझाव छ, त्यसलाई म दिलैदेखि स्वीकार्न चाहन्छु र यहाँहरुलाई अनुरोध गर्न चाहन्छु।

११ वटै जिल्लामा त्यहाँको जिल्ला प्रशासन कार्यालय, त्यहाँको विपद् व्यवस्थापन समिति लगायत जो निकायहरु छन् जसलाई प्रदेश सरकारले र केन्द्र सरकारले पनि बजेटहरु उपलव्ध गराएका छन्। उहाँहरुलाई हामीले भनेका छौं, तत्काल राहतको लागि के गर्नु पर्छ? तपाईहरु गर्नुस्, तपाईंहरुसँग भएको पैसा पुगेन भने प्रदेश सरकारलाई भन्नुहोस् कतिपय जिल्ला प्रशासन सिडियोसाहवहरुले अहिलेको कार्यविधिले हामीलाई रोक्यो, यो अड्चन आयो भन्ने कुराहरु पनि आएको अवस्था हो। पैसा छ तर हामीले दिंदाखेरी यसरी मिलिराखेको छैन भन्ने कुराहरू पनि आएको हुनाले हामी त्यस्तो त्यहि कार्यविधिहरु जसले पिडित पक्षलाई सहयोग पुर्याउन चाहँदा चाहँदै पनि दिदैन भने त्यसलाई पनि हामी फेर

वदल गर्न सक्छौ भनेर हामीले भनेका छौ, निर्देशन दिएको छौं र भोलिका दिनमा पनि हामी सचेत हुनेछौ भन्ने अनुरोध गर्न चाहन्छु। अर्को एउटा जिज्ञासा र हो पनि, हिजो हामीले प्रमुख प्रतिपक्ष दलको हैसियतमा रहँदै गर्दा उठाईएको मतभेद प्राथमिकताको आधारमा पहिलो हामीले एक घर पिसिआर हुनुपर्छ भनेर सरकारलाई धेरै पटक घच्घच्याएकै हो तर आज त्यो कता गयो भन्ने जुन प्रश्न आएको छ र माननीयज्यूलाई म अनुरोध गर्न चाहन्छु। हिजो भ्याक्सिन आएको अवस्था थिएन।

हिजो हामीलाई पहिलो प्राथमिता त्यो राख्नु पर्ने अवस्था थियो भने अहिले सम्पुर्ण प्रदेशवासीलाई खोप उपलव्ध गराउनु नै पहिलो प्राथमिकताको रुपमा पिसिआर टेष्टिङ्ग त छँदैछ त्यो भन्दा पनि अगाडि यो खोप उपलव्ध गराउनु पर्ने अहिलेको आवश्यकता भएको हुनाले हामीले खोपलाई अझ प्राथामिकतामा राखेर अगाडी बढेका छौं। पिसिआर टेष्ट लगायतका टेष्टहरु त्यो त निरन्तरता हुनेनै छ र यिनै कुराहरु राख्दै मैले प्रस्तावमा पनि भनेको छु। अहिले पनि म यो प्रदेशको राजनीतिक स्थिरताको लागि, यो प्रदेश सभाको निरन्तरता र स्थायीत्वको लागि र प्रदेशवासी जनताहरुको ५ वर्षसम्म मेरा प्रतिनिधिहरु, प्रदेश सभामै बसेर सेवा गरून भन्ने चाहनाका साथ हामीलाई पठाउनु भएको छ। त्यो चाहनालाई समेत कदर गर्दै मैले प्रस्तुत गरेको विश्वासको मतको पक्षमा मतदान गरिदिनु हुन सम्पूर्ण माननीय ज्यूहरुलाई सभामुख मार्फत अनुरोध गर्दै मेरा भनाईहरु यहिं बन्द गर्न चाहन्छु। धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब यो छलफल यहीँ समाप्त हुन्छ। माननीय सदस्यहरु, गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्री श्री कृष्णचन्द्र नेपाली पोखेलले प्रदेश सभाबाट विश्वासको मत प्राप्त गर्न राखुभएको प्रस्तावलाई प्रदेश सभा नियमावली २०७४ को नियम १४३ को उपनियम ७ बमोजिम निर्णयार्थ प्रस्तुत गर्दा दस्तखत सहितको मत विभाजन गरी मत संकलन गरिने व्यहोरा माननीय सदस्यहरुलाई जानकारी गराउछु ।माननीय सदस्यहरु, अब म मत विभाजन गर्दा अपनाइने प्रक्रियाको बारेमा जानकारी गराउँछु।

(क) विभाजन गर्नु अघि सभाकक्ष बाहिर हुनुभएका माननीय सदस्यहरुलाई प्रवेश गर्ने मौका दिन ५ मिनेटसम्म विभाजन घण्टी बजाइनेछ।

(ख) विभाजन घण्टी बजेपछि सभाकक्षबाहिर हुनुभएका माननीय सदस्यहरु सभाकक्ष भित्र प्रवेश गर्नुपर्नेछ।

(ग) विभाजन घण्टी बन्द गरेपछि सभामुख आसनको दायाँ र बायाँ तर्फका कक्षहरु खाली गराइनेछ। सभामुख आसनको दायाँ र बायाँ तर्फका कक्षहरू भन्नाले माननीय

सदस्यहरुको प्रवेश कक्षलाई विभाजन गरी तयार गरिएका दायाँ र वायाँका कक्षहरुलाई मानिनेछ।

(घ) सभामुख आसनको दाहिने तर्फ र देब्रे तर्फ रहेका कक्षहरुमा बाहिरबाट प्रवेश गर्ने र बाहिर जाने सम्पूर्ण ढोकाहरु बन्द गरिनेछन।

(ङ) उल्लेख ढोकाहरु बन्द गरिएपछि मत संकलन कार्य सम्पन्न नहुन्जेलसम्म बाहिर रहेका माननीय सदस्यहरु लगायत कसैलाई पनि सभाकक्ष एवं उल्लेखित कक्षहरुमा प्रवेश गर्न दिइनेछैन।

(च) सभामुख आसनको दाहिने र देब्रे तर्फ रहेका कक्षहरुमा माननीय सदस्यहरुको वर्णनानुक्रम अनुसारको नामावली राखिएका छन्।

(छ) यस प्रस्तावको पक्षमा हुने अर्थात हुन्छ भन्ने पक्षका माननीय सदस्यहरु सभामुख आसनको दाँया तर्फ रहेको उप कक्ष लविमा प्रवेश गरी त्यहाँ राखिएको वर्णानुक्रम अनुसारको आ-आफ्नो नामावलीको दस्तखत महलमा दस्तखत गर्नुपर्नेछ। यस प्रस्तावको विपक्षमा हुने अर्थात हुन्न भन्ने पक्षका माननीय सदस्यहरु सभामुख आसनको वाँया तर्फ रहेको उपकक्ष लविमा प्रवेश गरी त्यहाँ राखिएको वर्णानुक्रम अनुसारको आ-आफ्नो नामावलीको दस्तखत महलमा दस्तखत गर्नुपर्नेछ।

(ज) माननीय सदस्यहरुको सहयोगका लागि दुवै तर्फ सचिवालयका कर्मचारीहरु रहनेछन्।

(झ) कुनै माननीय सदस्यले आ—आफ्नो मत सच्याउन चाहेमा मतदान कार्य सकिएको ३ मिनेट भित्र माग गरेमा सच्याउन दिइनेछ।

माननीय सदस्यहरु, अब म ५ मिनेट विभाजन घण्टी बजाउन आदेश दिन्छु।

**माननीय सभामुख**

अव म सभामुख आसानको दाहिने र वाँयाबाट प्रवेश गर्ने र बाहिर निस्क्ने ढोकाहरु बन्द गर्न आदेश दिन्छु।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्री श्री कृष्णचन्द्र पोखरेलले आँफुलाई प्रदेश सभाको विश्वास दियोस भनी राख्नु भएको प्रस्तावलाई निर्णायार्थ प्रस्तुत गर्दछु।माननीय सदस्यहरु, यस प्रस्तावको पक्षमा अर्थात हुन्छ भन्ने प्रस्तावमा रहनु हुने माननीय सदस्यहरु सभामुख आसानको दाँया तर्फ रहेको उपकक्ष लविमा प्रवेश गरी त्यहाँ राखिएको वर्णानुक्रम अनुशारको आ-आफ्नो नामवलीको दस्तखत महलमा दस्तखत गर्नुहोला र प्रस्तावको विपक्षमा अर्थात हुन्न भन्ने पक्षमा रहनु हुने माननीय सदस्यहरु सभामुख

आसानको बाँया तर्फ रहेको उपकक्ष लविमा प्रवेश गरी त्यहाँ राखिएको वर्णानुक्रम अनुशारको आ-आफ्नो नामवलीको दस्तखत महलमा दस्तखत गर्नुहोला। प्रतावको विपक्षमा अर्थात हुन्न भन्ने पक्षमा रहनु हुने माननीय सदस्यहरु सभामुख आसानको बाँया तर्फ रहेको उपकक्ष लविमा प्रवेश गरी त्यहाँ राखिएको वर्णानुक्रम अनुसारको आ-आफ्नो नामावलीको दस्तखत महलमा दस्तखत गर्नुहोला।

(क) माननीय सदस्यहरु, प्रस्तावको पक्षमा अर्थात हुन्छ भन्ने पक्षमा रहनु हुने माननीय सदस्यहरु सभामुख आशानको दाँया तर्फ रहेको उपकक्ष लविमा प्रवेश गरी त्यहाँ राखिएको वर्णानुक्रम अनुसारको आ-आफ्नो नामवलीको दस्तखत महलमा दस्तखत गर्नुहोस।

(ख) माननीय सदस्यहरु, प्रस्तावको विपक्षमा अर्थात हुन्न भन्ने पक्षमा रहनु हुने माननीय सदस्यहरु सभामुख आसानको बाँया तर्फ रहेको उपकक्ष लविमा प्रवेश गरी त्यहाँ राखिएको वर्णानुक्रम अनुसारको  आ-आफ्नो नामवलीको दस्तखत महलमा दस्तखत गर्नुहोस।

अब म मत विभाजन परिणामको घोषणा गर्दछु। माननीय सदस्यहरु, आजको मतदानमा उपस्थित माननीय सदस्यहरुको संख्या अन्ठाउन्न रहेको छ।

माननीय सदस्यहरु अब म गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्री श्री कृष्णचन्द्र नेपाली पोखरेलले आँफुलाई प्रदेश सभाको विश्वास दिइयोस भनी राख्नुभएको प्रस्तावको पक्षमा हुन्छ भन्ने पक्षमा जम्मा ३१ मत र यस प्रस्तावको विपक्षमा अर्थात हुन्न भन्ने पक्षमा २७ मत परेको छ। माननीय सदस्यहरु, गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री श्री कृष्णचन्द्र नेपाली पोखरेलले आँफुलाई प्रदेश सभाको विश्वास दिइयोस भनी राख्नु भएको प्रस्तावको पक्षमा जम्मा ३१ मत परेको र उक्त संख्या प्रदेश सभाको तत्काल कायम रहेको सम्पुर्ण सदस्य संख्याको बहुमत भएकोले माननीय मुख्यमन्त्री श्री कृष्णचन्द्र नेपाली पोखरेलले आँफुलाई प्रदेश सभाको विश्वास दिइयोस भनी राख्नु भएको प्रस्ताव बहुमतले पारित भएकोले गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्री श्री कृष्णचन्द्र नेपाली पोखरेलको सरकारको यस सभाको विश्वास प्राप्त गरेको घोषणा गर्दछु। माननीय सदस्यहरु, गण्डकी प्रदेशको मुख्यमन्त्री पदको विश्वासको मत लिन सफल हुनु भएकोमा माननीय मुख्यमन्त्री श्री कृष्णचन्द्र नेपाली पोखरेललाई व्यक्तिगत तथा सभामुखको तर्फबाट हार्दिक बधाई ज्ञापन गर्दै यहाँको कार्यकालको पूर्ण सफलताको कामना गर्दछु। माननीय सदस्यहरु, अब यो बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित हुन्छ।